नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) तथा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को संयुक्त बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०९/०२ गते विहिवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

समन्वय उप प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

गा.पा. प्रमुख,श्री बेचन प्रसाद यादव, भगवानपुर गाउँपालिकाको कार्यालय, सिरहा

**उपस्थित:**

| क्र.स. | पद | नाम थर | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री प्रदीपराज कणेल | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | प्रमुख सेनानी | श्री जितेन्द्र कुमार गौली | शेरगण चोहर्वा व्यारेक, सिरहा | |
| ३ | प्रहरी उपरीक्षक | श्री उमा शंकर पंजियार | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ४ | स.प्र.उ. | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण | |
| ५ | उप. अनु. नि. | श्री तुलसीराम प्रसाई | जि.रा.अनु.का., सिरहा | |
| ६ | मे.सु. | डा. नागेन्द्र प्रसाद यादव | सिरहा अस्पताल, सिरहा | |
| ७ | नि. समन्वय अधिकारी | श्री सुजित कुमार यादव | जिल्ला समन्वय समिति, सिरहा | |
| ८ | इकाई प्रमुख | श्री शसी यादव | शिक्षा विकास तथा समन्वय इकाई, सिरहा | |
| ९ | भे. क.अधिकृत | श्री अन्देश्वर चौधरी | स्वास्थ्य कार्यालय, सिरहा | |
| १० | सभापति | श्री राजदेव यादव | नेपाल रेडक्रस सोसाइटी, सिरहा | |
| ११ | केन्द्रीय सदस्य | श्री देव कुमार यादव | नेपाल पत्रकार महासंघ | |

प्रमुख जिल्ला अधिकारी

**बैठकको कारवाही एवम् निर्णय**

१. हाल सम्म जिल्लामा कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण सम्वन्धी अवस्था देहाय अनुरुप रहेको व्यहोरा बैठकमा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८६३५ | ११५ | २२ | ५ | २७ | १५७३ | ११९५४ | ११९९३ | १६२५ | २७ | १५७३ | २५ | ३४०० |

२०७७/०८/२८ का दिन प्रदेश नं. २ प्रदेश सरकारको सहयोगमा सिरहा अस्पतालमा PCR Lab जडान भई संचालनमा आएको व्यहोरा समेत अवगत भयो।

२. २०७७/०८/३० मा जारी भै ऐ ३० गते राती १२:०० बजेबाट ऐ पुस २९ को राती १२:०० बजे सम्म कोभिड-१९ संक्रमण न्यूनीकरण सम्वद्ध जिल्ला प्रशासन कार्यालयको सूचना बैठकमा अवगत भयो।

३. हाल चिसो तथा शीललहरी समेतले गर्दा सिरहा जिल्लामा ~~[illegible] गरी घुर [illegible]~~ देहाय अनुरुपको क्षती हुन पुगेको हुँदा थप क्षती हुन नदिन स्थानीय तहहरुबाट समेत जन स्तर सम्म घुर तापी हुन सक्ने क्षती समेत बाट जोगिन सचेतनात्मक कार्यक्रम संचालन गर्ने ;

मृतकका आश्रितलाई आर्थिक सहयोग दिने।

**तपसिल:**

| क्र.स. | ठेगाना | घरमुलिको नाम | मृत्यु/ घाईते भएकाको नाम थर | लिङ्ग | कैफियत | |
|---|---|---|---|---|---|---|
| १ | बरियारपट्टी गा.पा. -५ | छेदी यादव | रविन्द्र यादव | पुरुष | मृत्यु | अनुसन्धानको क्रम |
| २ | मिर्चैया न.पा.-११ | धर्मनाथ यादव | अरुण कुमार यादव | पुरुष | मृत्यु | 〃 |
| ३ | कर्जन्हा न.पा.-१ | | नाम थर नखुलेको | पुरुष | मृत्यु | 〃 |
| ४ | कर्जन्हा न.पा.-३ | लखन महतो | बिल्टु महतो | पुरुष | मृत्यु | घुर ताप्दा |
| ५ | भगवानपुर गा.पा.-१ | देवनाथ यादव | उदय कुमार यादव | पुरुष | घाईते | |
| ६ | भगवानपुर गा.पा.-१ | देवनाथ यादव | कविता कुमारी यादव | महिला | घाईते | |
| ७ | भगवानपुर गा.पा.-१ | देवनाथ यादव | श्रृजना कुमारी यादव | महिला | घाईते | |
| ८ | भगवानपुर गा.पा.-१ | विरेन्द्र यादव | अनुष्का यादव | महिला | घाईते | |
| ९ | सुखिपुर न.पा.-५ | प्रदीप मंडल | पिंकी मंडल | महिला | घाईते | |

प्रमुख जिल्ला अधिकारी

४. श्री गृह मन्त्रालय (विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा ) को मिति २०७७/०८/१३ च.नं. ८७ को पत्रबाट शीतलहरको संभावित जोखिम न्यूनीकरणका लागि प्राप्त निर्देशनको व्यहोरा बैठकमा अवगत भई आवश्यक सहयोग पु-याउने र तत् सम्वन्धि सूचना संकलन सम्वन्धित स्थानीय तह, नेपाल प्रहरी/सशस्त्र प्रहरी बल /रेडक्रस समेतले गरी जिल्ला विपद् व्यवस्थापन समितिको प्रयोजनका लागि तुरुन्त पेश गर्ने।

५. जिल्ला विपत व्यवस्थापन समितिबाट दैवी प्रकोपका घटनामा मिति २०७७/०८/०१ देखि २०७७/०८/३० सम्म तपसिल अनुसार भएको खर्चको समर्थन गरियो ।

तपसिल

| क्र.स | मिति | घटनाको किसिम | रहात पाउनेको नाम | ठेगाना | रकम |
|---|---|---|---|---|---|
| १ | २०७७/०८१० | अग्नी पिडित | सञ्जय साह | कल्याणपुर ८ | ५,०००/- |
| २ | २०७७/०८/१६ | अग्नी पिडित | शिव प्रसाद साह | भगवानपुर १ | ५,०००/- |
| ३ | २०७७/०८/१६ | अग्नी पिडित | पसुपति साह | भगवानपुर १ | ५,०००/- |
| जम्मा | | | | | १५,०००/- |

६. जिल्ला प्रशासन कार्यालयको पुरानो भवनमा कारागारका कोरोना संक्रमितलाई राख्न बनाइएको आइसोलेसन बल्क निर्माण कार्यमा भएको तपसिल अनुसारको खर्चको समर्थन गरियो ।

तपसिल

| क्र.स | कामको विवरण | रकम कर बाहेक |
|---|---|---|
| १ | भुइतला र माथिल्लो तलाको बरन्डामा गृल सम्बन्धि कार्य १७८१.के जी रु १६० का दरले | रु २ लाख ८४ हजार,९ सय ९२ मात्र |
| २ | झ्यालको बाहिरी भागमा गृल तथा भेन्टिलेसनमा गृल सम्बन्धी कार्य १०५५.१९ के जी रु १६१ का दरले | रु १ लाख ६९ हजार ७ सय ९३ रुपैया ३८ पैसा |
| ३ | फलामको भर्याङ सम्बन्धी कार्य ३१० के जि रु १८५ का दर | रु ५७ हजार,३ सय ५० मात्र |
| ४ | भवनको बाहिरी भागमा चारैतिर र sloping भागमा समेत weather Coat प्रति बर्ग मिटर रु ३६० का दरले | रु २ लाख ०१ हजार ७ सय ९९ रुपैया ०८ पैसा मात्र |
| ५ | कोठको भित्रि भागमा plastic emulsion रु ८४३।०८ बर्ग मिटरको | रु ३ लाख ४३ हजार ६ सय १८ रुपैयाँ ८८ पैसा मात्र |
| ६ | झ्याल ढोकाको इनामेल पेन्ट | रु २५ हजार बयासी मात्र, |
| ७ | पुरानो र नयाँ गृलमा इनामेल पेन्ट | रु २८ हजार ९ सय ४९ रुपैया ३८ पैसा |

| | | |
|---|---|---|
| ८ | २३ थान वाल फेन २० थान एल इ डी बल्ब लगायतको विधुत सम्बन्धी कार्य | रु २ लाख ७ हजार ९ सय ४० मात्र |
| ९ | पानी ट्याङ्की २ थान ट्वाइलेट प्यान ४ थान वास बेसिन २ थान किचन सिङ्क २ थान लगायत पाइप कनेक्सन र सेनिटरी सम्बन्धि कार्य | रु १ लाख ५१ हजार,४ सय ५० मात्र |
| १० | सेफ्टी ट्याङ्की लगायत विविध निर्माण र टायल्स सम्बन्धि कार्य | रु ३ लाख २३ हजार ९ सय ६३ रुपैया ७९ पैसा मात्र |
| ११ | CCTV जडान | रु १ लाख ६४ हजार ९ सय मात्र/- |
| कर बाहेक जम्मा रु | | १९ लाख,५९ हजार,८ सय ३९ रुपैया ३५ मात्र |
| भ्याट रकम रु | | २ लाख ५४ हजार ,७ सय ७९ रुपैयाँ ११ पैसा मात्र |
| VAT सहित जम्मा रु | | २२ लाख १४ हजार ६ सय १८ रुपैयँ ४६ पैसा मात्र |

७. सिरहा कारागारको आइसोलेसन ब्लकको परिसरमा निर्मित फलामको ३ (तिन) वटा सुरक्षा पोष्ट र शौचालय २ (दुई)को नयाँ ढोका राखेकोमा कोभिड कोषबाट भुक्तानी दिने ।

८. माडर नाकाको होल्डिङ्ग प्वाइन्टमा भारतबाट नेपाली व्यक्ति नगन्य मात्रामा आई इन्ट्री गर्ने र निजहरुलाई गन्तव्य सम्म पु-याउने सरकारी सवारी साधनको अभाव हुने एवम् भाडामा लिदा खर्च बढ्ने जाने देखिएकोले कोभिड-१९ को लक्षण देखिएमा सिरहा अस्पतालले व्यवस्थापन गर्ने, सामान्य अवस्थाका व्यक्तिहरुलाई इन्ट्रि गरी प्रस्थान अनुमती दिने तर पुग्ने विन्दुको सम्वन्धित जिल्लाको स्थानीय तह समेतलाई सूचित गर्ने । होल्डिङ्ग प्वाइन्टको इन्ट्री र सूचित गर्ने काम माडर भंसार कार्यालय स्थित सशस्त्र प्रहरी बलले मिति २०७७/०९/०३ देखि गर्ने ।

९. सिरहा अस्पताल मातहत धनगढीमाई न.पा. स्थित महेन्द्र गेनाई र सिरहाको सूर्य नारायण सत्य नारायण मोरबैता यादव बहुमुखी क्याम्पसको छात्रावासमा हाल कोभिड-१९ संक्रमित विरामी आइसोलेसन नरहेको भएता पनि आउन सक्ने अवस्थालाई दृष्टिगत गरी संचालन खर्च उपलब्ध गराई दिन,
साथै आइसोलेसन केन्द्र राख्न रकम विनियोजन नहुने हो भने बन्द गर्न अनुमती समेतका लागि अनुरोध गर्ने ।
२०७७ श्रावण देखि नै आइसोलेसन सम्वद्ध स्वास्थ्यकर्मीको तलव भत्ता तथा विरामी समेतको खाना/खाजा खर्चको भुक्तानीकालागि रकम विनियोजन हुन पुन:मुख्य मन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय (प्रदेश नं. २) मा अनुरोध गर्ने ।

१०. नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको पुरानो मारुती एम्वुलेन्स शव वाहन प्रयोजनका लागि सिरहा अस्पताल पठाइएकोमा सो सवारी विग्रई काममा नआएको हुँदा फिर्ता गर्ने ।

प्रमुख जिल्ला अधिकारी